राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

१६ औं वार्षिकोत्सव



**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**

- जलवायु परिवर्तन र यसवाट पर्ने असरवारे सचेत गराऔं,
- वोटविरुवा लगाऔं हरियाली प्रर्वधन गरौं,
- नविकरणीय उर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरूको संरक्षण गरौं,
- वनजङ्गलको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष-१६ ।। अङ्क : ३३१ ॥ २०८१ माघ १२ गते शनिबार (25th Jan 2025 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


## छात्राहरुले सामूहिकरुपमा रुन-कराउन थाले

# जानकी माविको पठनपाठन बन्द

झापा(प्रस) । विद्यालयका छात्राहरुले असामान्य क्रियाकलाप गरेपछि झापाको कचनकवल- ५ पाठामारीस्थित जानकी माध्यमिक विद्यालयको पठनपाठन बन्द भएको छ । कक्षा ९ मा अध्ययनरत छात्राहरुले बिद्यालयको कक्षा कोठामै सामूहिकरुपमा रुने, कराउने, काम्ने, बर्बराउने गरेपछि विद्यालयको पठनपाठन बन्द गरिएको हो । विगत एक सातादेखि छात्राहरुमा सो समस्या आएको विद्यालयका प्रधानाध्यापक मोहम्मद सैफुद्धिन हकले बताए । करिव ३ बर्षअघि सोही वडामा रहेको सुनकोशी चिया बगानमा काम गर्ने सोही ठाउँका ३ जना युवतीहरुले एउटै रुखमा झुन्डिएर आत्महत्या गरेका थिए । ती युवतीहरुको आत्माले छात्राहरुलाई छोपेपछि उनीहरुले यस प्रकारको क्रियाकलाप गर्ने गरेको विद्यालयका शिक्षक, अभिभावक र स्थानीयको भनाई छ । आफूहरुले धामीझाक्री बोलाएर तन्त्रमन्त्र गराएको प्रधानाध्यापक हकले बताए । अभिभावकहरुले आफ्ना छोराछोरीको




जिम्मेवारी लिने भएपछि मात्र विद्यालयमा पठाउने बताएपछि शुक्रवार पठनपाठन बन्द गरेको उनले जानकारी दिए । विद्यार्थीहरुको त्यस किसिमको असामान्य क्रियाकलापका कारण विगत एक सातादेखि पठनपाठन प्रभावित भएको उनले बताए । सो विद्यालयका विद्यार्थीहरुमा त्यस किसिमको समस्या देखिएपछि कचनकवल गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशी , उपाध्यक्ष नवराज भट्टराई , वडाका जनप्रतिनिधि , शिक्षा शाखा र स्वास्थ्य शाखाका कर्मचारीसहितको टोलीले शुक्रवार विद्यालयमा पुगेर जानकारी लिएको छ । सो विद्यालयका ६ जना छात्रामा मानसिक समस्या देखिएको कचनकवल गाउँपालिकाका स्वास्थ्य निरीक्षक नवीन मिश्रले बताए । उनले आफूहरुले समस्यामा रहेका छात्राहरुको घरमै पुगेर सम्बन्धित छात्रा र उनीहरुका अभिभावकहरुलाई काउन्सिलिङ गरेको जानकारी दिए । मनोसामाजिक परामर्शसंगै केही विद्यार्थीहरुलाई साइकेटिकसम्बन्धी औषधी सेवन गराउन जरुरी देखिएको उनले बताए । केही दिनमा विद्यालयमा मनोसामाजिक परामर्शकर्ता बोलाएर काउन्सिलिङ गर्न लागिएको उनको भनाई छ ।‘ डराउने , काम्ने , पछाडिबाट कसैले समाएको जसरी चिच्याउने , रुनेजस्ता समस्या देखिएको छ ’ उनले भने,‘ यो फङ्सनल डिसअर्डर हो । ’

सो विद्यालयमा ४४२ जना विद्यार्थी अध्ययनरत रहेका छन् । त्यहाँ पढ्ने अधिकांश विद्यार्थी आदिवासी र मुस्लिम समुदायका रहेका छन् ।

# धार्मिक अनुष्ठान सफल बनाउने साझा प्रतिवद्धता

झापा(प्रस) । बिर्तामोडमा पहिलो पटक माघ १७ बाट २१ गतेसम्म आयोजना गरिएको पाँच दिवसीय धार्मिक अनुष्ठान सफल बनाउन बिभिन्न ४८ वटा संघ संस्थाले सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेका छन् । उनीहरुले धार्मिक अनुष्ठानलाई सफल बनाउन आ-आफ्नो ठाउँबाट सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेका हुन् । बिर्तामोड ५ अग्रसेन भवननजिक



बालाजी टोलमा गायत्री माताको मन्दिर उद्घाटन र माताको प्राण प्रतिष्ठा गर्न धार्मिक अनुष्ठान आयोजना गरिएको हो । जसका लागि गायत्री मन्दिर सेवा समितिले अनुष्ठान सफल बनाउन यहाँका विभिन्न ४८ वटा संघ संस्थाका प्रमुख तथा प्रतिनिधिसंग परामर्श गरेको छ ।
अनुष्ठानको उद्घाटन, मन्दिरको शिलान्यास र माताको प्राण प्रतिष्ठाका लागि सभामुख देवराज घिमिरे, कोशी प्रदेशका सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्की, जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजको उपस्थिति रहने भएकाले सुरक्षा व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालय झापा र सुरक्षा निकायका प्रमुखसंग समेत छलफल गरिएको छ ।
प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसी , सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईसहितको उपस्थितिमा मन्दिर परिसरमा सुरक्षा संवेदनशीलताका विषयमा छलफल भएको हो ।

प्रदेश सरकार, बिर्तामोड नगरपालिका र स्थानीय दानवीर दाताको सहयोगमा दुई करोड ५० लाख रुपैयाँ लगानी गर्दै नगरमा नै पहिलो र झापामा चौथो गायत्री माताको मन्दिर निर्माण भएसंगै उद्घाटनका लागि गायत्री मन्दिर सेवा समितिले धार्मिक अनुष्ठानको आयोजना गरेको हो ।
२०८० साल जेठ १७ गतेबाट निर्माण प्रारम्भ भएको माताको मन्दिर १० धुर जमिनमा निर्माण गरिएको छ । पाँच धुर जमिन दाताले प्रदान गरेको र पाँच धुर जमिन समितिले खरिद गर्दै मन्दिर निर्माणको काम सम्पन्न गरिएको कार्यक्रम संयोजक रौनक वंशलले जानकारी दिए ।
गायत्री माताको मन्दिर निर्माण सम्पन्न भएसंगै माघ १७ गते प्रतिनिधि सभा नेपालका सभामुख देवराज घिमिरले पाँच दिवसीय अनुष्ठानको उद्घाटन गर्ने र माघ २० गते जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्यको विशेष प्रवचन हुने र माघ २१ गते माताको प्राण प्रतिष्ठा मुख्यमन्त्री कार्कीले गर्ने कार्यक्रम रहेको वंशलले जानकारी दिए ।
माघ २१ गतेसम्म पाँच दिन सञ्चालन हुने अनुष्ठानमा दैनिक भजन कीर्तन तथा महाप्रसाद बितरण गरिने कार्यक्रम तय भएको र दैनिक भजन कीर्तनका लागि नेपाल तथा भारतका चर्चित भजन गायक तथा कलाकारहरुको उत्कृष्ट प्रस्तुति रहने बताइएको छ । भजन कीर्तनका लागि कृष्ण भण्डारी,आयुष शर्मा,साहिल कोहली, धीरज सिंह राजपुत र नेहा सिंह राजपुत सहभागी हुने वंशलले जानकारी दिए ।

# प्रेस चौतारी झापाको अध्यक्षमा परियार

झापा(प्रस) । प्रेस चौतारी नेपाल झापा शाखाको शुक्रवार बिर्तामोडमा सम्पन्न १०औं जिल्ला अधिवेशनले नयाँ नेतृत्व चयन गरेको छ । अधिवेशनले प्रदीप परियारको अध्यक्षतामा जिल्ला कमिटी सर्वसम्मत चयन गरेको हो ।
पत्रकार महासंघ झापाको सचिवसमेत रहेका परियार इजलास दैनिकका सम्पादक हुन् । कमिटीको उपाध्यक्षमा राजु पोखरेल र महिला उपाध्यक्षमा सुनिरा मैनाली चयन भएका छन् भने सचिवमा युवराज आचार्य, सह-सचिवमा राम निरौला समावेशी सह-सचिवमा तिलक योञ्जन तामाङ र कोषाध्यक्षमा सरोज भट्टराई सर्वसम्मत



चयन भएका छन् ।
जिल्ला कमिटीको सदस्यहरुमा अस्मिता साँखी, नविन योगी, भरत प्रसाई, इशा प्रधान, तीर्थ तिम्सिना, प्रकाश बानियाँ, सोम मंग्राती, रबिकिरण बान्तवा, कबिचन्द्र गुरागाई र किशोर उपरकोटी सर्वसम्मत चयन भएका छन् । नवनिर्वाचित सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई संगठनका केन्द्रीय अध्यक्ष गणेश बस्नेतले सपथग्रहण गराएका थिए ।

प्रेस चौतारी नेपाल झापाका अध्यक्ष मनकुमार गदालको अध्यक्षतामा भएको कार्यक्रममा चौतारीका केन्द्रीय अध्यक्ष गणेश बस्नेतको प्रमुख आतिथ्य रहेको थियो ।
उद्घाटन कार्यक्रममा प्रमुख अतिथि बस्नेत, केन्द्रीय सचिव तथा कोशी प्रदेश इन्चार्ज बिक्रम लुइटेल, बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, गैरआवासीय नेपाली चानक पोखरेल, नारी सञ्चार गृहका अध्यक्ष रेजिना गौतम, बुद्धशान्ति प्रेस क्लबका अध्यक्ष तीर्थ तिम्सिनालगायतले मन्तव्य राखेका थिए । उद्घाटन कार्यक्रममा चौतारीका झापा शाखाका उपाध्यक्ष प्रदीप परियारले शाब्दिक स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव प्रकाश पौडेलले गरेका थिए ।

# २९१ जना विद्यार्थीहरुलाई साइकल वितरण



कुमरखोद(प्रस)।झापा गाउँपालिकाले २९१ जना विद्यार्थीहरुलाई शुक्रवार साइकल वितरण गरेको छ । पालिकाले आफ्नो पालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ९ का सम्पूर्ण विद्यार्थीहरुलाई साइकल वितरण गरेको हो ।

पालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेटबाट पालिका भवनमा आयोजित कार्यक्रममा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुलाई जनही ७ हजार रुपैयाँ बराबरको साइकल वितरण गरेको हो ।
डिल्लीराज माविका ७७ जना , कुवाडीदेवी माविका १३ जना , महेन्द्र माविका २४जना , जनता माविका १४० र जनकल्याण माविका ४२ जना गरी २९१ जना विद्यार्थीहरुलाई साइकल वितरण गरिएको कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले बताइन् । झापा गाउँपालिकामा सामुदायिकतर्फ मावि ५ वटा , निमावि ५ वटा र प्रावि स्तरका ११ वटा गरी कुल २१ वटा विद्यालयहरु रहेका छन्।

पालिकाले विपन्न परिवारलाई लक्षित गरी ल्याएको यो कार्यक्रमले विद्यार्थीलाई आवतजावतमा सुविधा पुग्नुका साथै विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि हुने,विद्यार्थीको हौसलामा वृद्धि भई विद्यार्थीहरु नियमित विद्यालय आउने कावा अध्यक्ष थपलियाले बताइन् ।

त्यसैगरी झापा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियाले शिक्षा क्षेत्रमा पालिकाले ३ करोडभन्दा बढी रकम विनियोजन गरेको बताए । शिक्षाकै लागि विनियोजित बजेटबाट साइकल खरिद गरिएको उनले बताए । थपलियाले पहिलाको साइकल रहेकाले यसपालि १२लाख ८ हजार रुपैयाँको मात्र साइकल खरिद गरेको जानकारी दिए।

साइकल वितरण कार्यक्रममा शिक्षा शाखाका अम्विका गौतमले स्वागत मन्तव्यसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेकी थिइन् । कार्यक्रममा वडा नं ७ का अध्यक्ष सखिचन्द्र ठाकुर , शिक्षक संघ झापा गाउँपालिका अध्यक्ष जगन्नाथ राजवंशी, नेपाल राष्ट्रिय शिक्षक संगठन झापा गाउँपालिका अध्यक्ष टिकाप्रसाद कट्टेल, विद्यार्थीहरु कुवाडी देवी माविकी रेजिना घोर्सानी र जनता माविका राजेश खड्काले मन्ताव्य राखेका थिए । कार्यक्रमको संचालन शिक्षा शाखा प्रमुख जीवनप्रसाद ढकालले गरेका थिए ।

## गोरुको मासुसहित चुलाचुलीका तामाङ पक्राउ

झापा(प्रस)। गोरुको मासुसहित इलाम चुलाचुलीका एकजना पक्राउ परेका छन् । शुक्रवार बिहान ११:३० बजे चुलाचुली. २ निगरे होली बगर छेउमा गोरु काटेको भन्ने सुराकीको आधारमा प्रहरी चौकी पेल्टिमारीबाट गएको प्रहरी टोलीले सोही ठाउँ बस्ने सिंगे तामाङको बाँसघारीमा गाई/गोरुको छाला जस्तो देखिने छाला, मासु, पुच्छर गरी अन्दाजी १५ केजी मासु, मासु काट्न प्रयोग भएको बाम्फोक थान-२, बन्चरो थान-१, जालीका झोलाहरु थान-३, प्लाष्टिकको बोरा थान- २ फेला पारेको थियो । साथै सोही ठाउँ बस्ने २६ वर्षीय निमा तामाङलाई घटनास्थलबाटै नियन्त्रणमा लिई प्रहरी चौकी पेल्टिमारीमा राखिएको इलाम प्रहरीले जनाएको छ ।

# पत्रकार राजवंशीलाई हातपात गर्ने दुईजना पक्राउ

झापा(प्रस)। झापाको गौरीगञ्जमा संचालन भइरहेको आदिवासी जनजाति महोत्सवको सांगीतिक कार्यक्रममा स्थानीय पत्रकार मदन राजवंशीलाई हातपात गर्ने दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा गौरादह ६ निवासी सन्तोष कार्की र गौरीगञ्ज ६ निवासी एकराज चौलागाई रहेका छन् । केही दिनअघि साना किसान सहकारी संस्थाकी ऋण उपसंयोजक नुना चौलागाईले नियमविपरीत ऋण लिएको विषयमा गौरीगञ्ज दर्पणका सम्पादक राजवंशीले समाचार लेखेका थिए । सो विषयमा नुना चौलागाईका छोरा एकराज चौलागाईले आफ्नी आमाको बारेमा त्यस्तो समाचार किन लेखेको भन्दै



पत्रकार राजवंशीसंग सोधपुछ गरेका थिए । राजवंशीले त्यस बिषयमा पछि गरौला भनेपछि सामान्य विवाद भएर हात हालाहालको स्थिति भएको थियो । त्यसपछि प्रहरीले भीडभाडलाई नियन्त्रणमा लिएर तितरबितर पारेको थियो ।

गौरीगञ्ज दर्पणकासम्पादक राजवंशीले आफूमाथि हातपात गर्ने खोज्ने बिरुद्ध इलाका प्रहरी कार्यालय गौरीगञ्जमा ठाडो निबेदन दिएका थिए । पत्रकार राजवंशीले एकदिन राखेर शनिवार छलफल गर्ने भनेपछि शुक्रवार छलफल हुन सकेन । ती दुवैलाई इलाका प्रहरी कार्यालय गौरीगञ्जमै राखिएको छ । शनिवार दुईपक्षीय छलफल गरेर दुवैलाई छोडने बताइएको छ । बिहीवार राति १०.३० बजे अनलाइनमार्फत सांगीतिक कार्यक्रमको प्रत्यक्ष प्रसारण सकेर महोत्सवको गेटबाट बाहिर निस्कने क्रममा पत्रकार राजवंशीसंग विवाद भएको थियो ।

पत्रकार राजवंशीमाथि भएको हमलाका दोषीलाई पक्राउ गरी कार्वाही गर्न नेपाल प्रेस युनियन र प्रेस चौतारीजस्ता संगठनहरुले विज्ञप्ति जारी गरेका छन् । गौरीगञ्जमा आयोजित आदिवासी जनजाति महोत्सवमा राति गायिका मेलिना राईको प्रस्तुती रहेको थियो । गायिका मेलिनाले गीत गाइरहँदा उच्छृंखल व्यक्तिले बाहिरबाट ढुंगा हानेको बताइएको छ ।

# लेडी जेसीजको स्थापना दिवसमा सम्मान

बिर्तामोड(प्रस)।वीरता लेडी जेसीजले २१ औं स्थापना दिवस मनाएको छ।

वीरता लेडी जेसीजकी अध्यक्ष निशा शाक्यको अध्यक्षता तथा संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक संस्थाकी उपाध्यक्ष एलिना रिजाल ढकालले स्वागत गरेकी थिइन्।

निवर्तमान अध्यक्ष मेनुका ओलीले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा वीरता लेडी जेसीजको भवन निर्माण गर्न जग्गा प्रदान गर्ने जग्गादाता स्व. पर्शुराम ढकाल र स्व. तुलसा ढकालका परिवारजनलाई सम्मान गरिएको थियो।

पूर्व अध्यक्ष नैनकला भट्टराईले वाचन गरेको सम्मानपत्र जग्गादाता ढकाल परिवारको तर्फबाट साबित्रा ढकाल, शिला ढकाल, लक्ष्मण ढकाल, दुर्गादेबी ढकाल, सुरेश ढकाल, तारा ढकाललगायतले ग्रहण गरेका थिए।




सोही कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाबाट निर्वाचित अध्यक्ष एकराज गिरीसहित सम्पूर्ण पदाधिकारीलाई सम्मान गरिएको थियो । पूर्व अध्यक्ष सुष्मा भण्डारी पौडेलले वाचन गरेको सम्मानपत्र नेपाल पत्रकार महासंघ झापाका नवनिर्वाचित अध्यक्ष एकराज गिरी , उपाध्यक्ष सुब्रत न्यौपाने, सदस्य अस्मिता साखी,कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी , कोशी प्रदेश कार्यसमिति सदस्य राजकुमार ओली , कोशी प्रदेश परिषद सदस्यहरू तुलसीप्रसाद निरौला,उमानाथ भण्डारीलगायतले ग्रहण गरेका थिए।

कार्यक्रममा मिना घिमिरेलाई मानार्थ सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो। घिमिरेको मानार्थ सदस्यताको प्रमाणपत्र पूर्व अध्यक्ष संगिता गिरीले वाचन गरेकी थिइन्।

कार्यक्रममा वीरता लेडी जेसीजकी संस्थापक अध्यक्ष शारदा रिजाल ढकाललाई सिनेटरसीपसहित सम्मान गरिएको थियो। निवर्तमान अध्यक्ष मेनुका ओलीले वाचन गरेको सम्मानपत्र प्रमुख अतिथि शिवाकोटीले प्रदान गरेका थिए। त्यस्तै लीला मैनालीलाई सम्मान गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि शिवाकोटी , नेपाल पत्रकार महासंघ झापा शाखा अध्यक्ष एकराज गिरी, जग्गादाता ढकाल परिवारको तर्फबाट लक्ष्मण ढकाल, न्यूटन्स एजुकेसन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाई, नेपाल जेसीजका पूर्व राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष सिनेटर विनोद बस्नेत, संस्थापक अध्यक्ष शारदा रिजाल ढकाललगायतले शुभकामनासहित मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा वीरता लेडी जेसीजको बर्ष २०२४ को बोर्डलाई मायाको चिनो प्रदान गरिएको थियो। आस्था वाचन सहसंयोजक कानूनी सल्लाहाकार अस्मिता राईले र जेसीआई मिसन भिजन वाचन जनसम्पर्क अधिकारी पारू श्रेष्ठले गरेको कार्यक्रममा केक काटेर खुशीयाली साटासाटसमेत गरिएको थियो । कार्यक्रमको सञ्चालन महासचिव प्रभा रायमाझीले गरेकी थिइन् ।

# अर्थ र रोजगारी जोडिएका कार्यक्रम गर्दै कांग्रेस

झापा(प्रस) । नेपाली कांग्रेसले 'सुवर्ण शमसेर इकोनोमिक कन्क्लेभ' गर्ने भएको छ । विसं २००८ सालमा अर्थमन्त्री बनेका कांग्रेसका संस्थापक नेता सुवर्ण शमसेरको नाममा इकोनोमिक कन्क्लेभ गर्न लागिएको हो । नेपालको पहिलो बजेट राणाले ल्याएका थिए । अर्थ संवादका लागि विदेशी व्यक्तिहरू समेत ल्याएर कांग्रेसले कार्यक्रम गर्न लागेको हो । फागुनको २६ र २७ मा गते सुवर्ण शमसेर इकोनोमिक कन्क्लेभ गर्न लागिएको महामन्त्री गगन थापाले जानकारी गराए । इकोनोमिक कन्क्लेभमा केही विदेशी वक्ताहरू समेत आउने थापाले जानकारी गराए । साथै, कांग्रेसले रोजगारीका सन्दर्भमा रहेर एकवर्षे बहस निरन्तर गर्ने भएको छ । माघको मसान्तबाट रोजगारी बहस चलाउने तयारी गरिएको महामन्त्री थापाले जानकारी गराए । उनले भने, 'नेपालमा रोजगारी कहाँ छ? रोजगारीको अवस्था के छ भन्ने बारेमा एक वर्ष भरिमा बहस चलाउने गरी तयारी गर्दैछौं ।'यही माघको माघ १६ र १७ गते 'नेपाल स्टार्ट अप एण्ड एमइ समीट' गर्न लागिएको छ । केन्द्रीय कार्यालय सानेपामा दुईदिने कार्यक्रम राखिएको छ । स्टार्ट अप र उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी गर्न लागिएको केन्द्रीय सदस्य उर्मिला थपलियाले जानकारी गराइन् ।

## राप्रपाले सरकारविरुद्धको जनसंघर्षलाई सशक्त बनाउने

झापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सरकारविरुद्धको जनसंघर्षलाई सशक्त बनाउने जनाएको छ ।

शुक्रबारबाट काठमाडौँमा सुरु राप्रपा केन्द्रीय कार्यसमितिको बैठकले विभिन्न माग राख्दै पार्टीले गरिरहेको आन्दोलन र जनसंघर्षलाई ठोस स्वरूप दिएर सशक्त बनाउने अध्यक्ष राजेन्द्र लिङ्देनले जानकारी दिए । बैठकमा सरकारको कार्यशैलीको समीक्षा, पार्टीका आगामी रणनीति, प्रतिपक्षको भूमिका र अन्य सहकार्य लगायतका विषयमा समेत छलफल हुने उनले बताए ।

कांग्रेस-एमालेजस्ता ठुला दल मिलेर बनेको सरकारले जनतामा आशा जागृत गर्न नसकेको, निराशा पैदा भएको र अर्थतन्त्र समेत शिथिल हुँदै गएको लिङ्देनले बताए । उनले सरकारले प्रजातन्त्रलाई समेत कमजोर बनाउने गरी संसदलाई छलेर अध्यादेशमार्फत मुलुक सञ्चालन गर्ने परिस्थितिमा समेत बैठकमा समीक्षा हुने बताए ।

त्यस्तै पार्टीको जिल्ला अधिवेशनको समीक्षा गर्दै तीव्रता दिन आवश्यक निर्देशनसमेत बैठकले दिने राप्रपाले जनाएको छ । बैठक शनिवार सम्पन्न हुने बताइएको छ ।

## सगरमाथाको सलामी दस्तुर १५ हजार डलर पुऱ्याइयो

झापा(प्रस) । सरकारले सगरमाथा आरोहणमा विदेशीलगायतका आरोहीबाट संकलन गर्ने सलामी दस्तुरलाई ११ हजार अमेरिकी डलरबाट १५ हजार पुऱ्याएको छ । पर्यटन विभागका महानिर्देशक नारायणप्रसाद रेग्मीका अनुसार हिमाल आरोहणसम्बन्धी दस्तुर हेरफेरलगायतका विषयमा संशोधन भएको पर्वतारोहण नियमावलीलाई मन्त्रिपरिषद्ले हालै पारित गरेर सगरमाथा आरोहणमा विभागले तोकेको ११ हजार सलामी दस्तुरलाई १५ हजार अमेरिकी डलर पुऱ्याइएको हो ।

'हिमाल आरोहणमा विदेशी, स्वदेशीले तिर्ने सलामी दस्तुरहरू हेरफेर भएका छन्,' महानिर्देशक रेग्मीले भने, 'यसबाहेक आरोहणदलमा संलग्न हुने कामदार हरूको सुरक्षा, बिमालगायतका विषयमा पनि नियम संशोधन भएका छन् । मन्त्रिपरिषद्ले पारित गरेको नियमावली केही दिनमा राजपत्रमा प्रकाशित हुने छ ।'

# नेपाली चिया निर्वाध भारत जाने वातावरण बनाउन माग

बिर्तामोड(प्रस) ।नेपाली चिया निर्यात रोक्न विभिन्न झमेला अघि सादै आएको भारतले फेरि नयाँ व्यवस्था लागू गर्न लागेको छ । भारतले लागू गर्न लागेको व्यवस्थाले नेपालमा उत्पादित चियामा संकट पर्ने भन्दै चिया उत्पादकहरु अत्तालिएका छन् ।

नेपाली चियाको मुख्य बजार रहेको भारतको केन्द्र सरकारले त्यहाँ आयात हुने चियालाई कसरी अनिवार्य रूपमा अक्सनमा राख्न सकिन्छ भन्ने गृहकार्य सुरु गरेपछि नेपाली चियाको निर्यातमा संकट देखा पर्न लागेको हो ।

स्रोतका अनुसार नेपालमा उत्पादित चियालाई नै लक्षित गरी भारतले कडा निगरानी गर्न अनिवार्य अक्सनको प्रावधान ल्याउन खोजेको हो । भारतले सबै प्रकारका आयातित चिया अक्सनको प्रणालीबाटै भित्र्याउने गरी कानुनको निर्माण गर्ने तयारी गरिरहेको बुझिएको छ । यसो भएमा अर्थोडक्स र सिटिसी दुबै प्रकारका चियाको निर्यातका लागि अक्सनकै प्रक्रिया अपनाउनु पर्ने हुन्छ ।

भारतमा भारतीय चिया लिलामी प्रणाली (अक्सन)मार्फतमात्र नेपाली चिया आयातको व्यवस्था लागू हुन लागेको विषयप्रति नेपालका चिया सरोकारवालाहरु चिन्तित बनेका छन् ।

चिया उत्पादनको अधिकांश हिस्सा ओगट्ने झापा र इलामका चिया सम्वद्ध सरोकारवालाहरुले शुक्रबार बिर्तामोडमा छलफल गरेका छन् । समस्याको दीगो समाधानका लागि उनीहरुले प्रधानमन्त्रीलाई समेत भेट गरी ध्यानाकर्षण गराउने तयारी थालेका छन् । काठमाडौंमै पुगेर प्रधानमन्त्रीसहित सम्वद्ध मन्त्रालयहरुमा चिया क्षेत्रका समग्र समस्याहरुको ठोस र दीगो समाधानका लागि निर्णायक पहल गर्ने तयारी उनीहरुको छ ।

राष्ट्रिय चिया तथा कफी विकास वोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडका प्रमुख इन्द्रप्रसाद अधिकारीले भारतमा उक्त व्यवस्था लागू भए नेपाली चिया क्षेत्र नराम्ररी प्रभावित हुने भन्दै समयमै निकास निकाल्नु पर्नेमा जोड दिए ।

'यो गर्न खोजेको भनेको भारतीय अक्सनमा नेपाली चियालाई अनिवार्य राख्नुपर्ने प्रावधान बनाउन खोजेको हो। यसले यो वा त्यो बहानामा नेपाली चियाको निर्यातलाई निरुत्साहित गर्ने नै हो'-अधिकारीले भने 'यसको समाधानको लागि नेपालको खाद्य तथा गुण नियन्त्रण प्रयोगशालाको रिपोर्टले मान्यता पाउनु पर्ने बरु नेपाल सरकारले प्रमाणित गरेपछि मात्र भारत निर्यात गर्न सकिने नीति भारतीय पक्षले स्वीकार गर्नुपर्दछ । साथै दीर्घकालीन समाधानको लागि नेपालले आफ्नै अक्सन केन्द्र संचालन गर्नु उत्तम हुन्छ ।'

प्रादेशिक चिया समन्वय समितिका संयोजक तथा नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्य पराजुलीले नेपाली चिया निर्वाध भारत जाने वातावरण बनाउन माग गरेका छन् ।



नेपाली चिया रोक्न भारतले अन्तिम अस्त्र प्रयोग गर्न लागेको भन्दै पराजुलीले यदि भारतीय चिया लिलामी प्रणालीमार्फत नेपाली चिया विक्रीको व्यवस्था लागू भए नेपाली चिया उद्योग संकटमा पर्ने बताए । नेपाली चियाको मुख्य बजार भारत रहेकाले उस्ले नियतवश नेपाली चिया रोक्न लागेको उनको भनाइ छ ।

नेपाली चियाको समस्याको दीर्घकालीन समाधान खोज्नु पर्नेमा सूर्योदय चिया उत्पादक संघका अध्यक्ष उत्तमकुमार श्रेष्ठले जोड दिए ।

केन्द्रीय चिया सहकारी संघका अध्यक्ष हर्क तामाङले भारतले नेपाली चिया रोक्न पटक पटक विभिन्न अड्को थाप्दै आएको बताउदै नेपालमै अक्सन बजार, तेस्रो मुलुक निर्यात जस्ता विकल्पमा जानु पर्ने बताए । नेपालमा अक्सनका लागि पूर्वाधारसमेत बनेर अक्सनमा नजाँदाको कमजोरीको फाइदा भारतले उठाउन खोजेको सरोकारवालाहरुले बताए ।

श्रमिक नेताहरुले यसअघि श्रमिकसंगका सम्झौता कार्यान्वयनमा जोड दिदै नेपाली चिया बचाउन सबै एकजुट भएर लाग्नुपर्ने बताए । उनीहरुले चिया क्षेत्र बचाउनु पर्ने र सरकार गम्भीर हुनुपर्ने बताए । उत्पादक संघका अध्यक्ष पराजुलीले श्रमिकसंगका सम्झौता कार्यन्वयन गर्न सबैलाई आग्रह गर्दै छलफलबाटै निकास निकालेर अघि बढ्ने बताए ।

भारतले आफूले नेपालबाट आयात गर्ने चियामा अनिवार्य अक्सनको प्रणाली लगायो भने नेपालको समग्र चिया उद्योग संकटमा पर्ने नेपाली चिया उत्पादकको निष्कर्ष छ ।

नेपालका व्यवसायीले भारतमा अक्सनमा चिया विक्री गर्न सबैभन्दा पहिले आफ्नो चिया त्यहाँको अक्सनको बोर्डको गोदाममा लगेर राख्नुपर्छ । अक्सन बोर्डको चियाको गोदाम भारतको कोलकाता, सिलिगुडी र गुवाहटीमा छन् ।

अक्सन बोर्डमा चिया राखेपछि बोर्डको प्रयोगशालामा उक्त चियाको गुणस्तर परीक्षण गरिन्छ । यस बेला नेपालको गुणस्तर कार्यालयले दिएको प्रमाणपत्र निष्प्रभावी हुन्छ । अक्सन बोर्डले चियामा विषादी छ कि छैन, कुन गुणस्तरको हो आदि सबै परीक्षण गरेर रिपोर्ट दिन्छ । यो प्रक्रिया पूरा गर्न एक महिना लाग्छ ।

बोर्डले उक्त चियालाई परीक्षणमा पास गरेन भने नेपालका व्यवसायीले त्यसलाई फर्काएर नेपाल ल्याउन पाउने छैनन् । बोर्डले त्यस चियालाई अखाद्य ठहर गर्दै त्यहीँ नष्ट गरिदिन्छ । भारतीय प्रयोगशालामा नेपाली चिया पास हुनेमा नेपाली उत्पाादक विश्वस्त छनन् । भारतको नियतमा शैका गर्दै उनीहरु भन्छन् -गुणस्तरीय भए पनि नेपाली चियालाई कुनै न कुनै खोट लगाएर त्यहाँ गुणस्तरहीन प्रमाणित गरिन्छ ।

बोर्डको परीक्षणमा नेपालको चिया पास भयो भने त्यहीँका ब्रोकरले क्रेता खोजिदिन्छन् र विक्री गर्नु पर्दछ ।

टेलिग्राफका अनुसार भारत सरकारले भनेको छ कि यो प्रस्तावको उद्देश्य उचित वितरण र भारतीय चिया उद्योगलाई सेफगार्ड प्रदान गर्नु हो । दार्जीलिङका चिया उद्योगले नेपालको गुणस्तरहीन चियाका कारण आफ्नो व्यवसायमा असर परिरहेको दाबी गरेका छन् । त्यहाँको केन्द्र सरकारले यसको समाधानका लागि नेपालको चिया अक्सनबाट विक्री गर्नु नै एक मात्र उपाय हो भन्ने प्रस्ताव गरेको छ ।

भारतीय चिया संघले पनि गत मंगलबार श्वेतपत्र जारी गर्दै केन्द्र सरकारको प्रस्तावलाई समर्थन जनाएको छ । उक्त संघले श्वेतपत्रमा तत्काल केन्द्र र पश्चिम बंगाल सरकारले नेपालको चियामा वित्तीय र गैरवित्तीय हस्तक्षेप गर्नुपर्ने माग गरेको छ ।

शुक्रबार बिर्तामोडमा भएको छलफलमा चिया उद्योगी तथा व्यवसायीहरु समिरकुमार पोखरेल, शिवकुमार गुप्ता, राजेन्द्रकुमार सिंह, डिल्लीराम श्रेष्ठ, गोपाल कट्टेल, महेश अर्याल, सुजन ढुंगेल, रोमन प्रसाईं, पुनम राई, ज्ञानी लिम्बू, श्रमिकहरुको तर्फबाट ट्रेड युनियनका नेता सन्तकुमार राई, हेमराज खड्का, भुपाल सापकोटा, सीता सापकोटालगायतले विभिन्न सुझाव राखेका थिए ।

छलफलको संयोजन राष्ट्रिय चिया तथा कफी विकास वोर्ड क्षेत्रीय कार्यालय बिर्तामोड, संवाद समूह र प्रादेशिक चिया समन्वय समितिले गरेका थिए ।

## पुजा बनिन् सर्वाधिक विकेट लिने बलर

झापा(प्रस)। नेपाली यू-१९ महिला क्रिकेट टिमकी कप्तान पुजा महतोले आईसीसी यू-१९ महिला टी-२० विश्वकपमा समूह चरण र प्लेअफका खेलहरूसम्म आइपुग्दा सर्वाधिक विकेट लिने बलर बनेकी छन् । शुक्रबार भइरहेको मलेसियासँगको प्लेअफ खेलमा ४ विकेट लिँदै उनी हालको अवस्थामा सर्वाधिक विकेट टेकरको शीर्षमा उक्लिएकी हुन् । पुजाले ४ खेलमा ९ विकेट लिइन् । लिस्टको दोस्रो स्थानमा श्रीलंकाकी चमुदी प्रबोदा ७ विकेटका साथ छिन् भने तेस्रो स्थानमा स्कटल्याण्डकी मासी माइकेरा, चौथो र पाँचौंमा भारतका वैष्णवी शर्मा र आयुषी शुक्ला छन् । अब सुपर सिक्सदेखि सेमिफाइनलका खेलहरू बाँकी नै भएकाले अन्य खेलाडीहरू सूचीमा माथि आउनेछन् । हालका लागि पुजा शीर्षस्थानमा छिन् । मलेसियालाई नेपालले ४५ रनमा अलआउट गरेको छ। पुजाले ३.५ ओभरमा ९ रन दिएर ४ विकेट लिइन् ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः अवि शिवाकोटीको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री विमला देवी खरेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | ४ | २८५५ | १५५.४४ | २०८१/०३ /१७ | २०८१/०३ /१७ | २०८१/०४/२० |








नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# भीआईपीबाट पीडित सर्वसाधारण

झापामा केही दिनअघि भीआइपीलाई साइड नदिएको भन्दै विवाद भयो र कुटपिटसमेत भयो। पूर्वमुख्यमन्त्री उद्धव थापाले कुटाई खाए । भीआइपीले आफूहरुलाई महत्व दिनुपर्ने भन्ने तर सर्वसाधारणहरु त्यसलाई नमान्ने गर्दा समस्या पटकपटक उब्जिरहेको छ । त्यस्तै राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री बाहेकका विशिष्ट व्यक्तिका लागि सडक अवरुद्ध गर्नु संविधानको उल्लंघन हो वा होइन छलफलको विषय बनेको छ । सच्चा नेता सामान्य मानिसजस्तै हुनुपर्छ ।चुनावका बेला राजनीतिक दलहरूले प्रचारप्रसारका लागि कुनै कसर बाँकी राख्दैनन् भन्ने कुरा सर्वविदितै छ । जनताको समर्थन जुटाउनका लागि यी दलहरूका जुलुसहरू सामान्य हुन् तर वास्तवमा यसको मार जनताले मात्रै बेहोर्नुपरेको छ। जनतासामु आफ्नो प्रतिनिधित्व गर्ने क्रममा यी राजनीतिक नेताहरूले सामान्य मानिस जस्ता सामान्य वाक्यांश प्रयोग गर्छन्। तर, यथार्थमा, सहज यात्राका लागि सडक अवरुद्ध गरेर भीभीआईपी, भीआईपी संस्कृतिलाई उत्प्रेरित गर्ने यिनीहरू हुन् । जनताको हितको कुरा गर्ने र जनताको दयनीय अवस्थाका लागि दोषी बन्ने व्यक्ति आफैं नेता होइनन् ।

बासिन्दाहरूलाई पहिले नै सूचित गर्नुपर्छ यसमा कुनै शक्ता छैन कि भीआईपी आगमनका बेला सबैभन्दा बढी पीडित आम मानिस हुन्छन्। सर्वसाधारणको सास्ती अन्त्य गर्नका लागि कुनै पूर्व सूचनाबिना रुटमा भीआईपी आवतजावत गर्न दिनु हुँदैन । दोस्रो, भीआइपीको सवारी वा काफिलाले गुज्रिनुभन्दा धेरै घण्टा अगाडि सडकमा यातायात अवरुद्ध गर्नु हुँदैन । सबैभन्दा प्रभावकारी उपाय भनेको वैकल्पिक मार्गहरू सधैं खुला रहनु हो ताकि भीआईपी आवतजावतका साथै आम मानिसलाई एकै समयमा यात्रा गर्न कुनै अवरोध नहोस्।

सडक अवरुद्ध हुन दिनु हुँदैन तथाकथित महत्वपूर्ण व्यक्तित्वहरूलाई दिइने प्राथमिकताको व्यवहारको रूपमा चुनावको समयमा निरन्तर आवतजावतले धेरै व्यस्त जंक्शनहरूमा धेरै सडक अवरुद्धहरू निम्त्याउँछ। भीआईपी आवतजावतले अक्सर यात्रुहरूलाई रिस उठाउँछ, जसले सर्वसाधारणलाई समस्यामा नपरोस् भनेर गुनासो गर्छन् । मामिलालाई अझ खराब बनाउनको लागि, अधिकारीहरूले एम्बुलेन्सहरूको आवतजावतको लागि कुनै विशेष व्यवस्था गर्दैनन् जब भीआईपी मोटरकाडहरू सडकमा गुड्छन्।

यहाँ प्रचलित सामान्य मानिसहरू र वरिष्ठहरूका लागि नियमहरू फरक हुनु हुँदैन । सडक अवरोध हटाउन बाध्य भए पनि आफूले माथिल्लो निकायबाट आदेश पाएको र पालना गर्नुपर्ने प्रहरीको दावी रहन्छ।

नेपाली नागरिकले ट्राफिक अवरोधलाई राजतन्त्रको अवशेषका रूपमा हेर्छन् र पूर्ण लोकतान्त्रिक व्यवस्थामा पनि यस्तो पुरातन अभ्यासको निरन्तरताबाट निराश छन्। पञ्चायतका दिनहरूमा राजा औपचारिक कार्यक्रममा भाग लिन जाँदा अधिकारीहरू औपचारिक पोशाक लगाएर सडकमा लाइन लाग्नुपर्दथ्यो । यो प्रचलन लामो समयदेखि हटेको छ, समयले थप परिवर्तनको माग गरेमा त्यस्ता परिवर्तन आउनैपर्छ ।




# वैदेशिक लगानीको सम्भावना



• शिवहरि भट्टराई

समृद्ध नेपाल निर्माणका लागि लगानी अपरिहार्य हुन्छ । आर्थिक विकासका लागि पर्याप्त लगानी गर्न सके यसले उत्पादन वृद्धि, रोजगारी सिर्जना र आय वृद्धि हुन गई देश आर्थिक समुन्नतितर्फ अगाडि बढ्ने छ । नेपाल विकासशील राष्ट्र भएकाले पर्याप्त लगानी गर्न सक्ने अवस्था छैन । तसर्थ दिगो आर्थिक विकासका लागि वैदेशिक लगानीलाई महत्वपूर्ण आधारको रूपमा लिन सकिन्छ । वैदेशिक लगानीमा आर्थिक पक्षका साथै प्रविधि पनि आयात हुने भएकाले यहाँका उद्योग व्यवसायको क्षमतासमेत अभिवृद्धि हुने हुँदा समग्रमा उत्पादन वृद्धि, रोजगारी सिर्जना र आय वृद्धि हुन गई देश आर्थिक समृद्धितर्फ उन्मुख हुन्छ ।

अपार स्रोत र साधनको सम्भावना बोकेको हाम्रो देशभित्र रोजगारी सिर्जना गर्ने वातावरण नहुँदा समृद्ध राष्ट्रनिर्माणमा ठूलो चुनौती उत्पन्न भएको छ । त्यसो त समृद्ध नेपाल निर्माणका लागि अगाडि बढ्ने प्रयत्न हुँदै नभएको भने होइन तर त्यस्ता प्रयास र पहल प्रभावकारी सिद्ध हुन सकेनन् । त्यसैले समृद्ध र सबल राष्ट्रनिर्माणका लागि वैदेशिक लगानी भित्र्याउनु अहिलेको अपरिहार्य आवश्यकता हो र यसतर्फ राज्यको सम्पूर्ण ध्यान केन्द्रित हुनु पर्छ । यसका साथै सन् २०३० सम्म विकासशील राष्ट्रको रूपमा स्तरोन्नति हुन पनि दिगो विकास गर्नुपर्ने आजको बाध्यात्मक आवश्यकता हो । यसका लागि सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबाट बर्सेनि खर्बौं रकम खर्च गर्नुपर्ने हुन्छ । जुन नेपालको वर्तमान अर्थव्यवस्थाले धान्न नसक्ने भएकाले पनि वैदेशिक लगानी आजको अपरिहार्य आवश्यकता हुन गएको छ ।

विदेशी लगानीकर्ताले लगानी गर्नुअघि केही प्रमुख विषयको जानकारी लिने गर्छन् । कुनै पनि मुलुकमा जानुअघि लगानीकर्ताले त्यो मुलुकको कुन क्षेत्रमा लगानी गर्दा प्रतिफल राम्रो आउँछ भनेर हेर्ने गर्छ । सरकारले लगानीको वातावरण बनाएको छ वा छैन, व्यावसायिक वातावरण कस्तो छ भन्ने चासो पनि उनीहरूको हुन्छ । मजदुर, कर्मचारीको हडताल र विरोध गर्ने शैली र समन्वय तथा समाधानमा सरकारी तदारुकता सम्बन्धमा लगानीकर्ताको ठूलो चासो हुन्छ । सरकारले ल्याएका नियम–कानुन जटिल भए/नभएकोमा पनि उनीहरूको ध्यान जाने गर्छ । लगानीकर्ताको सबैभन्दा ठूलो चासो आर्जन गरेको नाफा र लगानी फिर्ता लैजाने नीति सहज भए/नभएको तर्फ हुन्छ ।

विदेशी लगानीकर्ताले कुनै मुलुकमा लगानी गर्नु कतिको सुरक्षित छ भनेर मूल्याङ्कन गर्न त्यो मुलुकको कन्ट्री रेटिङलाई हेर्ने गर्छन् । हाले मात्र नेपालले आफ्नो सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) सम्पन्न गरेको छ । पहिलो पटक गराएको क्रेडिट रेटिङमा नेपालले 'डबल बी माइनस' (बिबी) स्कोर प्राप्त गरेको छ । यसबाट नेपाल रेटिङ मुलुक बन्नुका साथै नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्तीय व्यवस्थापन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था सुदृढ रहेको र लगानीमैत्री वातावरण रहेको सन्देश दिएको छ । यसका साथै सरकारले विदेशी लगानी आकर्षित गर्न लगानी सम्मेलन गर्नुका साथै वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, सार्वजनिक निजी साझेदारी र लगानी ऐन तथा विशेष आर्थिक क्षेत्र ऐनमा सुधार गरेको छ । हाले मात्र सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई अध्यादेशमार्फत संशोधन गरी वैदेशिक लगानीलाई अझ सरल र सहज वातावरण बन्ने विश्वास गरिएको छ ।

**वैदेशिक लगानीको महत्व**

नेपाल भौगोलिक, सांस्कृतिक, र जैविक विविधता भएको देश हुनुका साथै न्यून आर्थिक स्रोत भएकाले देशको आर्थिक विकासमा वैदेशिक लगानीको महत्व अझ बढ्न गएको छ । वैदेशिक लगानीको महत्वका केही प्रमुख पक्ष निम्नानुसार छन् ।

रोजगारी सिर्जना : वैदेशिक लगानीले नयाँ उद्योगहरू स्थापना गर्न, उद्योगको क्षमता विस्तार गर्न, नयाँ प्रविधि अङ्गीकार गर्न तथा उत्पादनमूलक क्रियाकलाप वृद्धि गरी रोजगारीका नयाँ अवसर सिर्जना गर्छ । जसले युवा जनशक्ति वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा कमी ल्याउन सहयोग पुऱ्याउँछ ।

प्रविधिको हस्तान्तरण : वैदेशिक लगानीसँगै विदेशी प्रविधि, व्यवस्थापन प्रणाली र उत्पादनका आधुनिक प्रविधि नेपालमा आउँछन् । यसले नेपालको औद्योगिक र व्यावसायिक दक्षता वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

वैदेशिक मुद्रा आर्जन : वैदेशिक लगानीले नेपाललाई विदेशी मुद्रामा आय गर्न मद्दत गर्छ । विशेष गरी निर्यातमुखी उद्योगमा गरिएको लगानीले देशलाई विदेशी मुद्रा आर्जनमा ठूलो सहयोग पुऱ्याउँछ ।

आर्थिक वृद्धि : वैदेशिक लगानीले उत्पादन तथा निर्यातमा वृद्धि गरी नेपालको समग्र आर्थिक वृद्धिलाई बलियो बनाउन सहयोग पुऱ्याउँछ । लगानीकर्ताले उद्योग र सेवा क्षेत्रमा पुँजी लगानी गर्दा देशको आर्थिक परिधि फराकिलो हुन्छ ।

विकासको दिगो मोडेल : वैदेशिक लगानीले देशको आर्थिक संरचनामा विविधता ल्याउँछ । जलविद्युत, पर्यटन र सूचना प्रविधि क्षेत्र जस्ता दिगो विकासका क्षेत्रमा वैदेशिक लगानीको उपयोगले दीर्घकालीन आर्थिक वृद्धिमा योगदान पुऱ्याउँछ ।

**वैदेशिक लगानीका प्रमुख क्षेत्र**

नेपालका विभिन्न क्षेत्रमा वैदेशिक लगानी आकर्षण गरिएका छन् । तीमध्ये केही प्रमुख क्षेत्र निम्न छन् :

ऊर्जा क्षेत्र : नेपाल जलस्रोतमा धनी मुलुक हो, जहाँ करिब ८३ हजार मेगावाट जलविद्युत् उत्पादनको सम्भावना रहेको छ । जलविद्युत्, सौर्य ऊर्जा, वायु ऊर्जा र जैविक ऊर्जामा लगानी गर्न विदेशी लगानीकर्ताका लागि ठूलो अवसर छ । नेपालबाट छिमेकी राष्ट्र भारत र बङ्गलादेशमा विद्युत् निर्यात हुन थालिसकेकाले वैदेशिक लगानीकर्ताले यो क्षेत्रबाट दीर्घकालीन फाइदा लिन सक्छन् ।

कृषि तथा कृषिमा आधारित उद्योग : कृषि नेपालको सबैभन्दा ठूलो आर्थिक क्षेत्र हो, जसले लगभग २७ प्रतिशतमा योगदान पुऱ्याउँछ र ६० प्रतिशतभन्दा बढी जनसंख्यालाई रोजगारी दिन्छ । कृषिमा आधुनिकीकरण र यसमा आधारित उद्योग जस्तै : खाद्यान्न प्रशोधन, पैकेजिङ र निर्यातमुखी कृषि क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने ठूलो सम्भावना छ ।

पर्यटन उद्योग : नेपाल विश्वभरि आफ्नो हिमाली सौन्दर्य, सांस्कृतिक विविधता र साहसिक पर्यटनका लागि प्रख्यात छ । नेपालमा इको–टुरिजम, साहसिक पर्यटन, सांस्कृतिक पर्यटन र स्वास्थ्य पर्यटन (योग तथा ध्यान केन्द्र) मा ठूलो सम्भावना छ । तसर्थ उच्चस्तरीय होटल, रिसोर्ट तथा पर्यटन पूर्वाधार निर्माणमा विदेशी लगानीकर्तालाई आकर्षण गर्न सकिन्छ ।

सूचना तथा सञ्चार प्रविधि : सूचना प्रविधि क्षेत्र नेपालमा तीव्र गतिमा विस्तार हुँदै छ । सस्तो र दक्ष जनशक्तिको उपलब्धता, आधुनिक पूर्वाधार, दक्ष जनशक्तिको मागमा वृद्धिका कारण विदेशी सूचना प्रविधिसँग सम्बन्धित कम्पनीले बिजनेस प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर विकास, डाटा सेन्टर, ई–कमर्सलगायतका क्षेत्रमा लगानी गर्न सक्ने सम्भावना छ ।

उद्योग : आर्थिक समृद्धिका लागि औद्योगिक विकास आधारभूत तत्व हो । नेपालको पूर्वाधार उद्योग, उत्पादन उद्योग र सेवा उद्योग क्षेत्र पूर्ण रूपमा विकास भएको छैन तर यी महत्वपूर्ण सम्भाव्य क्षेत्र हुन् । कपडा, सिमेन्ट, औषधी उत्पादन र कृषि उत्पादन प्रशोधन जस्ता निर्यातमुखी उद्योग, सडक, पुल, जलविज्ञान पूर्वाधार र स्मार्ट सहर जस्ता परियोजना तथा बैङ्क, बिमा, अस्पताल र शिक्षण संस्थान जस्ता क्षेत्रमा विदेशी लगानी आकर्षण गर्न सक्ने सम्भावना प्रबल देखिन्छ ।

यातायात : कृषि उत्पादन, पर्यटन विकासका प्रसस्त सम्भावना भए तापनि भौगोलिक कारणले यातायात पूर्वाधारको विकास हुन सकिरहेको छैन । तसर्थ सडक मार्ग विस्तार, रेल यातायात, आन्तरिक हवाई सेवा र सार्वजनिक यातायातको विकासमा वैदेशिक लगानीकर्ताका लागि ठूलो सम्भावना छ ।

खानी तथा खनिज : नेपालको भौगोलिक संरचनाले गर्दा खानी तथा खनिज क्षेत्रमा उल्लेखनीय सम्भावना छ । पेट्रोल, प्राकृतिक ग्यास, सुन, चाँदी, तामा, सिसा, जस्ता र अन्य खनिज सम्पदा प्रशस्त रहेको मानिन्छ । खानीहरूको अन्वेषण, खनिज प्रशोधन र निर्यातमुखी उद्योगमा विदेशी लगानी आकर्षित गर्ने सम्भावना रहेको छ ।

**वैदेशिक लगानीको स्थिति**

नेपालमा सन् १९९५/९६ देखि २०२२/२३ सम्म कुल वैदेशिक लगानी प्रतिबद्धता ४४२ अर्ब रहेकोमा वास्तविक लगानी १५४ अर्ब जुन प्रतिबद्धताको ३५ प्रतिशत मात्र भएको देखिन्छ । नेपालले विदेशी लगानीलाई प्रोत्साहन गरेपश्चात् सुरुका वर्षमा प्रतिबद्धताको दाँजोमा ज्यादै न्यून मात्रामा लगानी आउने गरेको तथ्य नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७९/८० ले देखाएको छ । विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने ३०० अर्बको वैदेशिक लगानी प्रतिबद्धता आएकोमा १५४ अर्बको अर्थात् कुल प्रतिबद्धताको ५१.५ प्रतिशत मात्र आएको देखिन्छ । उक्त अवधिमा एकाध वर्षबाहेक प्रत्येक वर्ष भित्रिएको वैदेशिक लगानी घट्दो अवस्थामा रहेको देखिन्छ ।

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी गर्ने मुलुकमध्ये भारतबाट सबैभन्दा बढी ३५ प्रतिशत र त्यसपछि चीनबाट १२ प्रतिशत, आयरल्यान्डबाट ७.७ प्रतिशत, अस्ट्रेलियाबाट ६.४ प्रतिशत र सिङ्गापुरबाट ६.४ प्रतिशत प्रत्यक्ष वैदेशिक लगानी आएको देखिन्छ । वैदेशिक लगानीलाई प्रोत्साहित गरिएको सुरु अवधिदेखि २०७८/७९ सम्म विदेशी लगानी स्वीकृतिको कुल संख्या पाँच हजार ५३३ रहेको छ भने त्यसबाट दुई लाख ९२ हजार १२० रोजगारी सिर्जना भएको उद्योग विभागबाट प्रकाशित विवरणमा उल्लेख गरिएको छ । यसमध्ये ठूला उद्योगको दर्ता संख्या ३२२, मझौला उद्योग ६०३ र साना उद्योग दर्ता संख्या चार हजार ६०८ रहेको देखिन्छ । नेपालमा विगत पाँच वर्षमा प्रत्यक्ष वैदेशिक लगानीमा केही वृद्धि भए पनि प्रतिबद्धता र वास्तविक लगानीबिच ठूलो अन्तर रहेको देखिन्छ ।

**समस्या, चुनौती र समाधान**

नेपालले प्रत्यक्ष वैदेशिक लागानी भित्र्याउन नीतिगत, कानुनी, प्रक्रियागत तथा संरचनागत सुधार गर्नुका साथै समय समयमा लगानी सम्मेलन गरेर वैदेशिक लगानीलाई आकर्षित गर्ने गरेको छ । जसका कारण विश्वका विभिन्न मुलुकका लगानीकर्ता नेपाल आएर लगानीको प्रतिबद्धता जनाउने गरेको देखिन्छ । तर वास्तविक रूपमा कम्पनी स्थापना गरी लगानी ल्याउने चरणमा झन्झटिलो दर्ता तथा प्रशासनिक प्रक्रिया, निर्णय हुन लामो समय लाग्नुका साथै पटक पटक धाउनुपर्ने जस्ता कारणले लगानीकर्ता विमुख हुने गरेको देखिन्छ ।

त्यसै गरी वैदेशिक लगानी आकर्षित गर्ने कुरामा कर्मचारीको कार्यशैली, कर्मचारीको छिटो छिटो सरुवा हुने, चाँडो चाँडो सरकार परिवर्तनले लगानीकर्तासँग गरिने व्यवहार पनि फरक हुने, ऐन नियममा उल्लेख भएका सुविधा तथा व्यवस्था कार्यान्वयन हुन्छन् भन्ने कुरामा उनीहरूसँग हुने व्यवहारका कारण नेपालमा लगानी गर्न विश्वस्त हुन नसकेको बुझन सकिन्छ । विदेशी लगानीकर्तालाई आकर्षण गर्न नसक्नुमा फरक फरक दलगत धारणा भएका कारण एकीकृत राष्ट्रिय धारणा नबन्नु अर्को प्रमुख कारण रहेको छ । साथै सानो आन्तरिक बजार र सम्भाव्य नजिकको बजारमा प्रवेश भरपर्दो, अनुमानयोग्य र सहज नभएकाले लगानीकर्ता बिस्तारै पछाडि फर्कनुपर्ने अवस्था सिर्जना गरेको छ । सडक, विद्युत् र सञ्चार जस्ता आधारभूत पूर्वाधारको अभाव, उच्च उत्पादन लागत, दक्ष श्रमिकको अभाव, स्थानीय समुदायको हस्तक्षेप र पर्यावरणीय प्रभावको जटिलताका कारणले पनि लगानीकर्ता विश्वस्त हुन नसकेको हुन सक्छ ।

नेपालको समग्र आर्थिक विकासका निम्ति अपर्याप्त पुँजी व्यवस्थापनको भरपर्दो स्रोत वैदेशिक लगानीको हो । वैदेशिक लगानीमा पुँजी, प्रविधि, प्राविधिक र सिपसमेत भित्रिने भएकाले देश विकासमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । कम्पनी स्थापनामा प्रक्रियागत सरलीकरण र अनलाइन दर्ताको व्यवस्था, लगानीको सुरक्षा, सहज रूपमा प्रतिफल लान सक्ने व्यवस्था, विदेशी श्रमिकलाई भिसामा सहजीकरणलगायतका वैदेशिक लगानीमा देखिएका समस्याको समाधान गर्न सकेमा कृषि, पर्यटन, ऊर्जा, उत्पादन, पूर्वाधार, सेवा, खानी तथा खनिज, यातायात र सूचना प्रविधि जस्ता क्षेत्रमा वैदेशिक लगानीकर्ता आकर्षित गरी दीर्घकालीन फाइदा लिन सकिन्छ ।

# सरकारी ऋणको उपयोग



• टुलराज दाहाल

देशमा उत्पादन, रोजगारी, आयआर्जन र जीवनस्तर वृद्धिमा अपेक्षित योगदान पुग्ने तथा उच्च प्राथमिकताका क्षेत्रमा उत्पादकले खर्च गर्ने परिपाटी प्रवर्धन गर्नु समुन्नत अर्थतन्त्र निर्माणका लागि अनिवार्य सर्त हो । देशको अर्थतन्त्रको विकास, सुधार र सुदृढीकरणको सार्थक र समर्पित भूमिकामा निरन्तर क्रियाशील रहनु पर्ने सरकारको आफ्नो मूल कर्तव्य हुन्छ । देश र जनताका असीमित आवश्यकता पूरा गर्न उपलब्ध सीमित स्रोतसाधन कसरी बाँडफाँट र प्रयोग भएमा देशको हित र कल्याणका लागि अधिकतम योगदानकारी हुन जान्छ सोको मापदण्ड र संयन्त्र निर्धारण तथा निर्माण गरी सोही अनुसार कार्यान्वयनमा ल्याउनु पर्छ । आफ्नो व्यक्तिगत रकम खर्च गर्दा जुन मनस्थिति, विधि, प्रक्रिया र होसियारी व्यक्तिले अपनाउँछ त्यो भन्दा बढी र उन्नत सोँच, क्षमता, विधि, प्रविधि, विवेक र सावधानी अपनाई जनताको स्रोतसाधनको व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ । जनताले भविष्यमा तिर्नुपर्ने ऋण रकम खर्च गर्दा त यससम्बन्धी अझ कडा मापदण्ड कार्यान्वयनमा ल्याउनु पर्छ । संसदीय व्यवस्था पुनर्स्थापना भएको ३५ वर्षपछि पनि देश र जनताको अवस्था अपेक्षित बन्न सकेको छैन । यस्तै परिवेश कायम रहेमा देशको भविष्य अझ कठिन बन्दै जाने छ ।

ऋणस्रोत परिचालन गरी सरकारले खर्च गर्दा भविष्यमा उक्त ऋण तिर्ने दायित्व जनताको काँधमा पर्ने छ । ऋण साधनको परिचालन र उपयोग गर्दा यसले देशको आर्थिक–सामाजिक विकासमा टेवा पुऱ्याउँदै कम्तीमा भविष्यमा ऋण सेवा गर्न पर्याप्त हुने गरी सहज रूपमा राजस्व परिचालन हुने स्थिति सिर्जना गरिनु पर्छ । उत्पादन, रोजगारी र उत्पादकत्व एवं आर्थिक कारोबारको निरन्तर वृद्धिले मात्र राजस्व वृद्धिको दिगो आधार तय हुन्छ । करोबार वृद्धि नभई करका दर मात्रै वृद्धि गर्दा नागरिकलाई करको भार थामी नसक्नु हुन्छ । साथै, ऋण सेवाका लागि साधन जुटाउन आवश्यक पर्ने करवृद्धिले अर्थतन्त्रमा लगानी प्रवर्धन नभई लगानी विकर्षण हुन जान्छ जुन हाम्रो जस्तो विकासोन्मुख मुलुकका लागि निकै चिन्ताको विषय हो । यस्तो अवस्थामा जनताको जीवनस्तर सुधनुको सट्टा जीवनयापन नै थप कठिन हुन जान्छ ।

बाह्य ऋणसेवाका लागि पर्याप्त आन्तरिक राजस्व भए मात्र पुग्दैन, अर्थतन्त्रले आवश्यक विदेशी मुद्रा आर्जन पनि गर्न सक्नु पर्छ । वैदेशिक रोजगारीको अवस्था गन्तव्य देशको आर्थिक परिस्थितिमा निर्भर रहने विषय भएकाले विदेशी मुद्रा आर्जनको दिगो स्रोत वैदेशिक रोजगारी हुन सक्दैन । साथै, वैदेशिक रोजगारीले गार्हस्थ उत्पादन तथा उत्पादकत्व वृद्धिमा प्रत्यक्ष योगदान पनि गर्दैन । बरु वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षणले कृषि, उद्योगलगायत अन्य उद्यमशीलताको क्षेत्रमा श्रम एवं उत्पादनका अन्य साधन विकर्षित भई यी क्षेत्र संकुचित हुने अवस्था आउँछ । उत्पादनका यी क्षेत्रको विस्तारका साथै प्रतिस्पर्धात्मक रूपमा आयात प्रतिस्थापन गर्न सघाउ पुग्ने गरी नीतिगत व्यवस्था कार्यान्वयन ल्याइएमा मात्र अर्थतन्त्रको समृद्धि चक्र सुदृढ बन्दै व्यापार सन्तुलनमा समेत योगदान पुग्ने हुन्छ । खासमा देशको निर्यात आर्जनमा उल्लेख्य विस्तार नै विदेशी मुद्रा आर्जनको दिगो र भरपर्दो स्रोत हो ।

सरकारको कुल ऋण दायित्वमा आधा अंश वैदेशिक ऋण दायित्वले ओगटेको परिप्रेक्ष्यमा यो परिमाणको ऋणले देशको निर्यात क्षेत्र प्रवर्द्धित हुनुपर्नेमा यस दिशातर्फको प्रगति निराशाजनक रहेको छ । निर्यात क्षेत्र प्रवर्धित नहुने वैदेशिक ऋणले भविष्यमा ऋण सेवा गर्न कठिन हुन्छ । साथै, देशको बाह्य प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने गरी आन्तरिक ऋणको प्रयोग गरिनु हुन्न । रुपैयाँको अवमूल्यनको कारण वैदेशिक ऋणसेवाको लागत पनि सोही अनुपातमा बढ्न जाने हुन्छ । २०४७ साउनदेखि २०८१ पुससम्म साढे ३४ वर्षको अवधिमा उपभोक्ता मूल्य सूचकाङ्क वार्षिक औसत ७.४ प्रतिशतले बढेको छ भने सोही अवधिमा अमेरिकी डलरको तुलनामा रुपैयाँको वार्षिक औसत अवमूल्यन दर ६.१ प्रतिशत रहेको छ । त्यसैले, वैदेशिक ऋणको उपयोगबाट ब्याज दर, सेवा शुल्कलगायत यस्तो अवमूल्यनको लागत पनि आर्जन हुनु पर्छ । वैदेशिक ऋणलाई बाह्य व्यापार सन्तुलनमा योगदान पुग्ने गरी रूपान्तरण गर्ने सोच र क्षमता कार्यान्वयन गर्न देशले अवलम्बन गर्ने नीतिमा सुधार, संयोजन, पुनर्संरचना र सुदृढीकरण अपरिहार्य हुन आउँछ ।

सन् २०२३ मा तथ्याङ्क उपलब्ध भएका संसारका १३७ अर्थतन्त्रमा कुल गार्हस्थ उत्पादन (जिडिपी) को अनुपातमा नेपालको सरकारी ऋण दायित्व ४०.४ प्रतिशत तथा बाह्य वस्तु तथा सेवा व्यापार घाटा २७.७ प्रतिशत रही यस्तो घाटा अनुपात नेपालको भन्दा बढी भएका संसारमा छ वटा अर्थतन्त्र मात्रै रहेको विश्व बैङ्कको तथ्याङ्कबाट देखिन्छ । जिडिपीको सर्वाधिक २३६.६ प्रतिशत सरकारी ऋण दायित्व रहेको जापानमा जिडिपीको १.५ प्रतिशत मात्रै व्यापार घाटा रहेको छ । साथै, जिडिपीको १५८.३ प्रतिशत सरकारी ऋण दायित्व रहेको सिङ्गापुरमा जिडिपीको ३७.४ प्रतिशत व्यापार बचत रहेको छ । जिडिपीको अनुपातमा चीन र भारतमा सरकारी ऋण दायित्व क्रमशः ७७.४ प्रतिशत र ८१.७ प्रतिशत रहेकोमा व्यापार सन्तुलन क्रमशः २.२ प्रतिशत बचतमा र २.१ प्रतिशत घाटामा रहेको छ । जिडिपीको अनुपातमा सरकारी ऋण दायित्व श्रीलङ्कामा ११४.२

❖ बाँकी तेस्रो पृष्ठमा

# शैक्षिक परामर्शदेखि पर्यटन वर्ष २०८२ प्रचारसम्म




झापा(प्रस) । मेला या महोत्सव केवल मनोरञ्जनका लागि घुम्ने गरिन्छ । कतिपय मेला महोत्सवमा मनोरञ्जनका साथै दैनिक उपभोग्य सामग्रीहरुको सुपथ मूल्यमा खरिद बिक्री समेत हुन्छ । तर, झापाको बिर्तामोडमा जारी बिर्तामोड अन्तर ाष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा भने सहभागीले मनोरञ्जन मात्र लिएका छैनन् उनीहरुले शैक्षिक परामर्शदेखि पूर्वका पर्यटकीय क्षेत्रको जानकारी र पर्यटन वर्ष २०८२ को समेत जानकारी पाइरहेका छन् ।

विभिन्न कन्सलटेन्सीहरुले महोत्सवमा सहभागीलाई उच्च शिक्षा अध्ययनका लागि शैक्षिक परामर्श प्रदान गरिरहेका छन् भने पर्यटन कार्यालय काँकरभिट्टाले कोशी प्रदेश पर्यटन वर्ष २०८२ को विषयमा जानकारी गराइरहेको छ । कोशी प्रदेश सरकारले २०८२ साललाई पर्यटन वर्ष घोषणा गरेको छ ।

अधिकांश विद्यार्थीले माध्यमिक तहको परीक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षा अध्ययनका लागि विदेश रोज्छन् । तर, उचित शैक्षिक परामर्श नपाउँदा उनीहरु कुन देशको शैक्षिक अवस्था कस्तो छ भनेर अनभिज्ञ रहन्छन् । यस्तो अवस्थामा सारथी हुन्छन् कन्सलटेन्सीहरु । तिनै कन्सलटेन्सीले बिर्तामोड महोत्सवमा विद्यार्थी र उनीहरुका अभिभावकलाई लक्षित गर्दै शैक्षिक परामर्शका लागि स्टलहरु राखेपछि महोत्सवमा सहभागीले त्यसको भरपूर फाइदा लिएका छन् ।

बिर्तामोडमा रहेको वीज इन्टर नेशनल एजुकेशन सर्भिसले महोत्सवमा स्टल राखेर शैक्षिक परामर्श दिइरहेको छ । उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीहरुलाई लक्षित गर्दै कन्सलटेन्सीले परामर्श दिइरहेको वीज इन्टरनेशनलका प्रवन्ध निर्देशक अशोक भण्डारीले जानकारी दिए । वीज इन्टरनेशनलले अष्ट्रेलिया , जापान, युके, न्यूजिल्याण्डलगायतका विश्वविद्यालयका विषयमा परामर्श महोत्सव स्थलमै प्रदान गर्दै आएको छ ।

महोत्सव स्थलमा नै रहेको अर्बन स्पेश एजुकेशन कन्सलटेन्सीका प्रवन्ध निर्देशक तुलसी पाठकले कोरिया, जापान, युकेलगायतका मुलुकमा रहेका विश्वविद्यालयका विषयमा महोत्सव स्थलमा सहभागीलाई परामर्श दिदै आएको जानकारी दिए । महोत्सव स्थलमा विद्यार्थीदेखि अभिभावकसमेत सहभागी हुने भएकाले परामर्श दिन सहज भएको उनको भनाई छ ।

विदेश अध्ययन गर्न जाने विद्यार्थीको संख्या वार्षिक रुपमा बढ्दो छ । सरकारको पछिल्ला वर्षको तथ्याङ्कलाई हेर्दा विदेश अध्ययनका गर्न जाने नेपाली विद्यार्थीको संख्या बढिरहेको छ । शिक्षा मन्त्रालयबाट 'नो अब्जेक्सन लेटर' (एनओसी)' लिएर विदेश अध्ययन गर्न गएका विद्यार्थीमध्ये कति नेपाल फर्किए त्यसको कुनै तथ्याङ्क छैन । तर, विदेश अध्ययनका लागि जाने विद्यार्थीको संख्या भने बढ्दो छ । विदेशमा उच्च आयको रोजगारीको ग्यारेन्टीले समेत नेपाली विद्यार्थी विदेश पढ्न रुचाउँछन् । जसका कारण नेपाली विद्यार्थी अध्ययनका लागि विदेश जाने गरेका हुन् ।


विद्यार्थीलाई महोत्सव मूल आयोजक समितिले निःशुल्क प्रवेशको व्यवस्था गरेसंगै महोत्सव अवलोकनका लागि विद्यार्थीलाई सहज भएको छ । विद्यालय पोशाक र शिक्षकको रोहवरमा महोत्सव स्थलमा पुगेका विद्यार्थीलाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको महोत्सव मूल आयोजक समिति संयोजक विशाल थापाले बताए ।

महोत्सव स्थलमा पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तरगत रहेको पर्यटन कार्यालय काँकरभिट्टाले पर्यटन वर्ष २०८२ का विषयमा जानकारी गराउँदै आएको छ । जसले पर्यटन प्रहरी र पर्यटन वर्षका विषयमा जानकारी गराइरहेको पाइएको छ ।

'हाम्रो सभ्यता र हाम्रो संस्कृति, अथितिको सत्कार पर्यटनमैत्री व्यहार, प्रहरी र नागरिक बराबर जिम्मेवार' नारासहित पर्यटन कार्यालयले पूर्वका पर्यटकीय क्षेत्र र पर्यटन वर्षका विषयमा महोत्सवमा सहभागीलाई जानकारी गराएको हो ।

पर्यटन प्रहरी कार्यालय काँकरभिट्टाले समेत ११ बुँदे अपिलसहित पर्यटक लाई स्थानीय पर्यटकीय गन्तव्यका वारेमा जानकारी गराउँदै पर्यटकको सुरक्षामा ध्यान दिन अनुरोध गरेको छ । अपिलमा भनिएको छ - ग्रामीण पर्यटनको प्रर्वद्धन गरौं, गन्तव्यहरुको सही सूचना सम्प्रेषण गरौं' ।

# चिया परीक्षण केन्द्र सञ्चालन गर्न सम्झौता



झापा(प्रस) । इलामको कन्याममा निर्माण भएको चिया परीक्षण, प्रवर्धन तथा अनुसन्धान केन्द्र सञ्चालनका लागि सूर्योदय नगरपालिका र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) बिच सम्झौता भएको छ ।

कोशी प्रदेश सरकार र सूर्योदय नगरपालिकाको २१ करोड ६७ लाख नौ हजार ५२६ रुपियाँको लगानीमा निर्माण भएको परीक्षण केन्द्र सञ्चालन गर्न नास्टका उपकुलपति दिलीप सुब्बाको उपस्थितिमा नास्टका सचिव डा. रवीन्द्रप्रसाद ढकाल र सूर्योदय नगरपालिकाका नगरप्रमुख रणबहादुर राईले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार प्राविधिक जनशक्ति र आवश्यक उपकरणको व्यवस्थापन गरी नगरको समन्वयमा केन्द्र सञ्चालन गर्न नास्टले दुई वर्षका लागि पहिलो चरणमा जिम्मेवारी लिएको छ ।

सम्झौता अनुसार नास्टले नेपाली चियाको गुणस्तर मापनका लागि आधुनिक प्रयोगशाला (ल्याब) सञ्चालन गर्ने, नेपालको चिया क्षेत्रको अनुसन्धान कार्यमा सहकार्य गर्ने छ । यस्तै नगरपालिकाले स्थानीयस्तरमा चिया उत्पादनका लागि नीति नियम निर्माण गर्ने, ल्याब सञ्चालनका लागि भवन व्यवस्था गर्ने, तीन तहका सरकारको समन्वयमा ल्याब सञ्चालनका लागि उपकरण र बजेटको व्यवस्थापन गर्ने छ ।

त्यस अवसरमा चिया उद्योगी उदय चापागाईंले स्थानीय चिया किसान र व्यवसायीको मागलाई बुझेर केन्द्र सञ्चालन गर्नुपर्नेमा जोड दिए । सूर्योदय टी एसोसिएसनका अध्यक्ष उत्तमकुमार प्रधानले केन्द्र सञ्चालनमा आएपछि नेपाली चियाले उक्त केन्द्रमा गरेको परीक्षणले अन्तर्राष्ट्रिय बजारमा मान्यता पाउनुपर्ने माग राखे । नास्टका सचिव डा. रवीन्द्रप्रसाद ढकालले सम्झौता अनुसार दुई महिनाभित्र ल्याब सञ्चालनमा आउने जानकारी दिए । उनले केन्द्र सञ्चालनका लागि स्थानीय चिया उद्योगीले आम्दानीको केही प्रतिशत रकम केन्द्रको बास्केटमा जम्मा गर्नुपर्ने अनि मात्र पिपिपी मोडलमा केन्द्र सञ्चालन हुने बताए । नास्टका उपकुलपति दिलीप सुब्बाले केन्द्रले प्राविधिक सहयोग बताउँदै केन्द्र सञ्चालनमा आएपछि चियाको गुणस्तर मापन गर्न सकिने जानकारी दिए । सूर्योदय नगरपालिकाका नगरप्रमुख रणबहादुर राईले नेपालमै पहिलो पटक निर्माण भएको चिया परीक्षण केन्द्र निर्माण भए पनि उपकरण र प्राविधिक जनशक्तिका लागि नास्टको सहयोगमा मात्र सञ्चालनमा आउने भएकाले यो सम्झौता गरेको जानकारी दिए । उनले चियाको परीक्षण, चियाको जात परीक्षण र गुणस्तर मापन केन्द्रबाट हुन सके नेपाली चिया विश्व बजारमा प्रतिस्पर्धात्मक बन्ने बताए ।

# ६ लाखभन्दा बढी बालबालिकालाई राष्ट्रिय परिचयपत्र नम्बर




झापा(प्रस) ॥ ६ लाख ४७ हजार दुई सय ३८ बालबालिकाले जन्मदर्तासँगै राष्ट्रिय परिचयपत्र नम्बर पनि प्राप्त गरेका छन्। २०८० फागुन २७ देखि हालसम्म ती बालबालिकाको जन्मदर्ता प्रमाणपत्रमा नै राष्ट्रिय परिचयपत्र नम्बर उल्लेख गरिएको हो। देशभरका ६ हजार सात सय ४३ वडा कार्यालयहरूले जन्मदर्ता प्रमाणपत्रमै राष्ट्रिय परिचयपत्र नम्बर दिने काम गरिरहेका छन्। जन्मदर्ताको प्रमाणपत्रमा १३ अंकको जन्मदर्ता नम्बरसँगै १० अंकको राष्ट्रिय परिचयपत्रको नम्बर राखेर दिइरहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका सूचना अधिकारी शिवराज सेढाइले जानकारी दिए। यी बालबालिकाहरूले १६ वर्षमा नागरिकता लिएसँगै राष्ट्रिय परिचयपत्र पनि बन्छ। जन्मदर्तामै परिचयपत्र नम्बर दिँदा सबै विवरण राष्ट्रिय परिचयपत्रको प्रणालीमा आउने भएकाले नागरिकता बनाउँदा समस्या नआउने विश्वास छ। 'यसले कुनै पनि व्यक्तिको विवरण तथा घटना दर्ताका लागि सहज बनाउँदै लैजान्छ,' उनले भने, 'यसले तथ्यांक संकलन गर्नका लागि सरकारलाई सहयोग पुर्‍याउँछ।'

विभागले अनलाइन दर्ता गर्न एउटा सिस्टम सञ्चालनमा ल्याएको छ। ती सबै स्थानीय तहले सिस्टममा इन्ट्री गर्छन्। त्यही अनुसार रेकर्ड बस्दै जाने गरेको विभागका सूचना अधिकारी सेढाइले जानकारी दिए। नेपाली नागरिक १६ वर्षभन्दा कम उमेरका सन्तानको जन्मदर्ताको प्रमाणपत्र संशोधन तथा प्रतिलिपि जारी गर्दासमेत राष्ट्रिय परिचयपत्र नम्बरसहितको संशोधन तथा प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गरिएको छ। यसले गर्दा कुनै पनि व्यक्तिको विवरण सबै ठाउँमा एउटै हुने उनको भनाइ छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ६ को उपदफा (३) मा नेपाली नागरिकका सन्तानको जन्मदर्ता गर्दाको बखत स्थानीय पञ्जीकाधिकारीले विभागबाट तोकिएको बमोजिम परिचय नम्बर प्राप्त गरी सम्बन्धित व्यक्तिलाई त्यस्तो परिचय नम्बर प्रदान गर्नुपर्ने व्यवस्था छ। सोहीबमोजिम विभागले २०८० फागुन २७ को निर्णयानुसार नेपाली नागरिकका १६ वर्षभन्दा कम उमेरका सन्तानको जन्मदर्ता राष्ट्रिय परिचय नम्बरसहितको प्रमाणपत्र जारी गरिएको उनले जानकारी दिए। जन्मदर्तामै परिचयपत्र नम्बर अनिवार्य गर्दा व्यक्ति पहिचान गर्न सजिलो हुन्छ। मृत्यु र अन्य कुनै अपराधिक क्रियाकलापमा पनि कहिलेकाही एउटै नाम भएकाले विभिन्न समस्या आइपर्छन्। 'एउटै नाम हुँदा अदालतले पठाएको नोटिस अर्कोको घरमा पुगेका थुप्रै उदाहरण छन्,' उनले भने, 'त्यसैले व्यक्तिगत घटना दर्ता प्रणालीमा सुधार ल्याउनु जरूरी थियो। जुन राष्ट्रिय परिचयपत्र कार्ड बनाउँदा समाधान हुने देखिन्छ।'परिचयपत्र बनाएपछि सरकारले दिने विभिन्न सेवासुविधाको दुरूपयोग रोक्न पनि सहयोग पुग्छ। सरकारी कार्यालयबाट एउटै व्यक्तिले फरकफरक सेवासुविधा लिइरहेका छन्। त्यो पनि कम हुन्छ। साथै यसले बालबालिकाको जन्मेदेखि नै पाउने सेवासुविधा र उनीहरूको तीनपुस्ते विवरणहरूसमेत सहजै फेला पार्न सक्ने उनी बताउँछन्।

# ताप्लेजुङमा सुन्तला उत्पादन बढ्यो



झापा(प्रस) । ताप्लेजुङमा यस वर्ष सुन्तला उत्पादन बढेको छ । कृषि ज्ञान केन्द्र ताप्लेजुङका अनुसार गत वर्षभन्दा यो वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको हो । गत वर्षको तुलनामा यो वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्रका प्रमुख सन्तोष थापा मगरले जानकारी दिए । थापा मगरका अनुसार यस वर्ष खेती विस्तारसँगै सुन्तला उत्पादन बढेको हो । जिल्लामा ५५६ हेक्टर क्षेत्रफल बराबरको जग्गामा गरिएको खेतीबाट तीन हजार ५४३.७ मेट्रिक टन सुन्तला उत्पादन भएको छ ।सुन्तला खेतीका लागि यस वर्ष मौसम अनुकूल भई दिएकाले उत्पादन बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार गत वर्ष तीन हजार ५६ मेट्रिक टन मात्र सुन्तला उत्पादन भएको थियो । जिल्लामा सुन्तला खेती गरिएको जमिनमध्ये ४३४ हेक्टर क्षेत्रफललाई भने उत्पादनशील क्षेत्रका रूपमा कृषि ज्ञान केन्द्रले औँल्याएको छ ।

यता जिल्लामा सुन्तलाको मूल्य भने प्रतिकिलोग्राम १०० देखि १५० रुपियाँसम्म छ । उत्पादक किसान तथा स्थानीय व्यवसायीले सो मूल्यमा सुन्तला बिक्री गर्दै आएका छन् । किसानका अनुसार त्यहाँ उत्पादन हुने सुन्तला जिल्ला बाहिरसमेत निर्यात हुने गरेको छ । जिल्ला बाहिरका व्यापारीले प्रतिकिलोग्राम ८० देखि ९० रुपियाँका दरले बगान (बगैँचा) बाटै सुन्तला खरिद गर्ने गरेका किसानको भनाइ छ ।

## सरकारी...

प्रतिशत र बङ्गलादेशमा २९.५ प्रतिशत रहँदा व्यापार घाटा क्रमशः १.५ प्रतिशत र ४.७ प्रतिशत रहेको छ । बङ्गलादेशको तुलनामा नेपालको सरकारी ऋण दायित्व अनुपात १०.९ प्रतिशतविन्दुले बढी भए तापनि व्यापार घाटाको अनुपात २३.० प्रतिशतविन्दुले बढी हुनुले नेपालमा ऋण दायित्व वृद्धिसँगै व्यापार घाटा निकै बढेको अवस्था छ ।

व्यापार सन्तुलन बचतमा रहेको स्थितिमा जिडिपीको तुलनामा अर्थतन्त्रमा कुल खर्च (उपभोग र लगानीको योग) कम हुन्छ भने व्यापार सन्तुलन घाटामा रहेको स्थितिमा जिडिपीभन्दा कुल खर्च बढी हुन्छ । कुल खर्च जिडिपीभन्दा जतिले कम वा अधिक हुन्छ त्यत्तिले व्यापार सन्तुलन क्रमशः बचत वा घाटामा रहेको हुन्छ । यसरी, व्यापार बचतले जिडिपी बढाउँछ भने व्यापार घाटाले जिडिपी घटाउँछ । बाह्य व्यापार सन्तुलन बचतमा रहेमा जिडिपी वृद्धिमा अनुकूल योगदान पुग्ने भएकाले जिडिपी वृद्धिमा सकारात्मक योगदान पुर्‍याउने गरी साधन र स्रोतको उपयोग हुने वातावरण निर्माण गरिनु आवश्यक छ । त्यसैले, नेपालमा सरकारी ऋण दायित्वको रकम वा जिडिपीको अनुपातमा ऋण दायित्व बढी वा कम कति छ र कति उपयुक्त हो भन्दा पनि उक्त ऋण रकमको प्रयोग कहाँ र कसरी भएको छ, त्यसबाट के प्रतिफल प्राप्त भएको छ तथा अर्थतन्त्रको स्वस्थता र सुदृढताका लागि खास गरी व्यापार घाटा नियन्त्रण गर्न वा व्यापार बचत वृद्धि गर्न अनुकूल योगदान पुग्ने गरी ऋण स्रोतको परिचालन र ऋण स्रोतको प्रतिफलयुक्त उपयोग भएको छ कि छैन, त्यो विषय महत्वपूर्ण हुन्छ । ऋण सेवाका लागि साधन विनियोजन गर्दा अर्थतन्त्रका अन्य आधारभूत आवश्यकताका लागि छुट्याउनु पर्ने साधनमा कमी नहुने गरी गर्नु आवश्यक हुन्छ ।

अर्थतन्त्रको दिगो स्वस्थता, सुदृढता, विकास र सुव्यवस्थापनका लागि खास गरी व्यापार घाटा नियन्त्रण गर्न तथा व्यापार बचत वृद्धि गर्न अनुकूल योगदान पुग्ने गरी ऋण स्रोतका विशेषता, सर्त र सम्झौतामै पुनरवलोकनद्वारा ऋणस्रोतको परिचालन र उपयोग हुने परिपाटी निर्माण गर्नु आवश्यक छ ।

आन्तरिक ऋणतर्फ ऋण साधनको प्रयोग, प्रयोजन र प्रतिफल छुट्टिने गरी सम्भाव्यता अध्ययन र आवश्यकताको पारदर्शी मापदण्डको आधार लिई तथा यी मापदण्डलाई कानुनमा समावेश गरेर त्यसको आधारमा मात्र ऋण परिचालन गरिनु अपरिहार्य छ । अतः अधिक आयातमा निर्भर रहेको उपभोगमुखी ढाँचा र प्रवृत्तिलाई निरुत्साहित गर्दै व्यापार सन्तुलन प्रवर्धनमा सहजकारी हुने विकासको अवधारणा र नीतिगत संरचनालाई प्रोत्साहित गरी सोही अनुरूपको प्रारूप र योजना कार्यान्वयनमा ल्याइएमा अर्थतन्त्रको स्व सञ्चालन प्रक्रिया सहज, सबल, सक्षम र सुदृढ बन्न गई देशको विकासको गति तीव्र र अपेक्षित बन्ने देखिन्छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउने छ ।

**वृष** मनमा दुबिधा उत्पन्न हुनेछ । मतिभ्रष्ट हुने समय छ, सचेत रहनु होला ।

**मिथुन** आज सजिलै अरूको मन जित्न सकिनेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

**कर्कट** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ ।

**सिंह** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**कन्या** कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**तुला** न्यायिक कार्यमा सफलता मिल्नेछ । अँटिको र ताकेको कार्य पुरा होला ।

**वृश्चिक** आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**धनु** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ । मालसामान पनि हराउन सक्छ

**कुम्भ** आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिन** नयाँ ज्ञान सिक्ने मौका र रोजगारको अवसर पनि मिल्नेछ । कार्य क्षेत्रबाट विशेष सफलता